नेपाल सरकार
शिक्षा मन्त्रालय
छात्रवृत्ति शाखा
केशरमहल, काठमाण्डौं

**आयुर्वेद स्नातक तह BAMS का लागि निःशुल्क अध्ययन (छात्रवृत्तिमा) मनोनयनका लागि दरखास्त माग सम्बन्धी अत्यन्त जरुरी सूचना**

**पतन्जली आयुर्वेद कलेज तथा रिसर्च सेन्टर धुलीखेलबाट यस वर्षको लागि आयुर्वेद स्नातक तह BAMS तहका लागि ८ (आठ) जना विद्यार्थी निःशुल्क अध्ययन (छात्रवृत्तिमा) का लागि मनोनयन गरी पठाउन लेखी आएकोमा** शिक्षा मन्त्रालयको मिति २०७४/९/१६ को निर्णानुसार जम्मा सिटमध्ये साधारण तर्फ ४ सिट, महिला तर्फ १ सिट, जनजाती तर्फ १ सिट, मधेशी तर्फ १ सिट र दलित तर्फ १ सिट गरि **समूहगत** सिट विभाजन भएकोले **उक्त छात्रवृत्तिमा** अध्ययन गर्न नेपाल संस्कृत विश्वविद्यालय आयुर्वेद अध्ययन संस्थान बेलझुण्डी दाङले शैक्षिकसत्र २०७४/७५ मा आयुर्वेद BAMS स्नातक तहको भर्नाको लागि लिएको प्रवेष परीक्षामा छनौट भएका उम्मेदवारहरुको मेरिट लिस्ट(Merit List) मा नाम समावेश भएका **उम्मेदवारहरुले मिति २०७४** पौष **१७ गते देखि २०७४** पौष २३ **गते सम्म शिक्षा मन्त्रालय छात्रवृत्ति शाखा केशरमहलमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।**

१) दरखास्तको म्याद सम्बन्धी व्यवस्थाः
मिति **२०७४** पौष **१७ गते देखि २०७४** पौष २३ गते सम्म शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त दिन सकिने छ । दरखास्त फाराम **छात्रवृत्ति** शाखा, केशरमहलबाट प्राप्त हुनेछ ।

२) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरुले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा **छात्रवृत्ति** शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर दरखास्त साथ बुझाउनु पर्नेछ ।

३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

- पूर्णरुपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- नेपाल संस्कृत विश्वविद्यालय आयुर्वेद अध्ययन संस्थान बेलझुण्डी दाङले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit
- १० जोड २/प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/ provisional certificate/migration certificate कासाथ त्रिवि / पाठ्यक्रम विकासकेन्द्रबाट समकक्षता खुलाएको पत्र समेत पेस गर्नुपर्ने छ ।
- एसएलसीको मार्कसिटको प्रतिलिपि

❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

## ४) आरक्षण समूह तर्फको लागि

क) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र

ख) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची अनुरुपको ढाचामा मिति २०७४ साल पौष १७ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७४।०९।२३ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।

ग) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातीको सिफारिस : आदिवासी जनजाती उत्थान राष्टिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ।
- मधेशीको सिफारिस : सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ।
- दलितको सिफारिस : राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ।

घ) आरक्षणका लागि पेश गर्नुपर्ने कागजातहरु प्राप्त हुन नआएमा दरखास्त आरक्षण तर्फ अस्विकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

*विपन्नताको सिफारिसको ढाँचा*

**_अनुसूची-१ ख**
**(नियम १३क को उपनियम (३) सँग सम्बन्धित)**

**श्री शिक्षा मन्त्रालय**
**केशरमहल, काठमाडौ ।**

**विषय :- विपन्नको सिफारिस गरिएको ।**

**उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री ....................... .. को छोरा/छोरी ........... जिल्ला ................ गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।**

**सिफारिस गर्नेको,-**
**सही :**
**नाम:**
**पद:**
**कार्यालय:**
**मिति:**

**कार्यालयको छाप:**